**पुथा उत्तरगङ्गा गाउँपालिका गाउँ कार्यपालिकाबाट प्रकाशित**

**स्थानीय राजपत्र**

खण्डः १ संख्याः १४ मितिः२०८१/१२/१९


**भाग-२**

# तातोपानी संरक्षण तथा व्यवस्थापन कार्यविधि, २०८१

गाउँकार्यपालिकामा प्रस्तुतः२०८१/११/०४

गाउँकार्यपालिकाबाट स्विकृत मितिः२०८१/११/०४

**प्रस्तावना**

पुथा उत्तरगंगा गाउँपालिका वडा नं. ६ स्थित डिम्बुरगैरामा अवस्थित तातोपानी प्राकृतिक रूपमा उत्पन्न भएको महत्वपूर्ण स्रोत हो। स्थानीय तथा बाह्य पर्यटकहरूका लागि यो क्षेत्र आकर्षणको केन्द्र बन्दै आएको छ। तातोपानीमा नुहाएपछि हाडजोर्नी, ढाड दुख्ने, छाला रोग लगायतका विभिन्न समस्याहरूमा राहत मिल्ने विश्वास गरिन्छ। तसर्थ, यसको उचित संरक्षण, व्यवस्थापन तथा उपयोग गरी यस क्षेत्रलाई स्वास्थ्य पर्यटनको प्रमुख गन्तव्यका रूपमा विकास गर्न आवश्यक छ। हालसम्म राजस्व संकलन, पूर्वाधार विकास तथा व्यवस्थापनको उचित व्यवस्था नहुँदा यसको सम्भावनाहरू पूर्ण रूपमा उपयोग हुन सकेका छैनन्।

तातोपानी क्षेत्रको संरक्षण, व्यवस्थापन, तथा दीर्घकालीन उपयोगका लागि व्यवस्थित कार्यविधि आवश्यक भएकाले **"तातोपानी संरक्षण तथा व्यवस्थापन कार्यविधि, २०८१"** तयार गरिएको छ। यस कार्यविधिले तातोपानी क्षेत्रको दिगो विकास, पर्यावरण संरक्षण, तथा स्थानीय रोजगारी सिर्जना गर्ने उद्देश्य राखेको छ।

**परिच्छेद १**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "तातोपानी संरक्षण तथा व्यवस्थापन कार्यविधि २०८१" रहेको छ।
(२) यो कार्यविध गाउँपालिका कार्यपालिकावाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएपश्चात लागु हुनेछ।

२. **कार्यविधिको उद्देश्यः** (१) यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ;

क) आवश्यक पूर्वाधार निर्माण तथा सुधार गर्दै तातोपानी क्षेत्रलाई व्यवस्थित गर्ने।

ख) तातोपानीको उपयोगबाट उत्पन्न हुन सक्ने राजस्वलाई संकलन गरी उचित ढंगले परिचालन गर्ने।

ग) तातोपानी क्षेत्रको संरक्षण तथा दीर्घकालीन व्यवस्थापन सुनिश्चित गर्ने।
घ) प्राकृतिक स्रोतहरूको उचित संरक्षण तथा वातावरणमैत्री नीति लागू गर्ने।
ङ) स्वा प्राकृतिक स्रोतहरूको उचित संरक्षण तथा वातावरणमैत्री नीति लागू गर्ने।

च) स्थ्य पर्यटन प्रवर्द्धन गरी स्थानीय तथा बाह्य पर्यटकलाई आकर्षित गर्ने।
छ) स्थानीय समुदायको आर्थिक तथा सामाजिक विकासलाई प्रवर्द्धन गर्ने।

३. **परिभाषा:**विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

क) **तातोपानी क्षेत्र:**तोपानी क्षेत्र भन्नाले पुथा उत्तरगंगा गाउँपालिका वडा नं. ६, डिम्बुरगैरामा अवस्थित प्राकृतिक तातोपानीको स्रोत तथा सो क्षेत्रसँग सम्बन्धित संरचना, पूर्वाधार, सेवाहरू।

ख) **पर्यटक**: पर्यटक भन्नाले तातोपानी क्षेत्र भ्रमण तथा उपयोग गर्न आउने व्यक्ति, जसमा स्थानीय, स्वदेशी तथा विदेशी आगन्तुकहरू समावेश छन्।

**ग) पूर्वाधार**: पूर्वाधार भन्नाले तातोपानी क्षेत्रभित्र निर्माण गरिने भौतिक संरचना, जस्तै स्नानस्थल, बाटो, विश्रामस्थल, शौचालय, खानेपानी तथा बिजुलीको व्यवस्था।

घ) **राजस्व**: राजस्व भन्नाले तातोपानी क्षेत्रमा प्रदान गरिने सेवा तथा शुल्कहरूबाट संकलित रकम, जसको व्यवस्थापन गाउँपालिकाको नीति अनुसार गरिन्छ।

ङ) **व्यवस्थापन**: व्यवस्थापन भन्नाले तातोपानी क्षेत्रको दिगो उपयोगका लागि गरिने योजना, पूर्वाधार विकास, सेवा सञ्चालन तथा पर्यटक व्यवस्थापनका कार्यहरू।

च) **समिति**: समिति भन्नाले यस कार्यविधि अनुसार गठित समिति, जसले तातोपानी क्षेत्रको संरक्षण, विकास तथा सञ्चालनका कार्यहरू सम्पादन गर्नेछ।

छ) **स्थानीय समुदाय**: स्थानीय समुदाय भन्नाले पुथा उत्तरगंगा गाउँपालिका अन्तर्गत तातोपानी क्षेत्रमा बसोबास गर्ने स्थायी तथा अस्थायी बासिन्दाहरू।

ज) **स्वास्थ्य पर्यटन**: स्वास्थ्य पर्यटन भन्नाले तातोपानीको औषधीय गुणलाई उपयोग गरी स्थानीय तथा बाह्य पर्यटकलाई उपचार, आराम तथा प्राकृतिक चिकित्सा प्रदान गर्ने उद्देश्यले गरिने गतिविधि।

झ) **संरक्षण**: संरक्षण भन्नाले तातोपानी स्रोतको प्राकृतिक अवस्था जोगाई राख्न गरिने कार्यहरू, जस्तै पानीको स्रोत सुरक्षित राख्ने, प्रदूषण रोक्ने, वातावरणीय सन्तुलन कायम गर्ने ।

## परिच्छेद २

## समिति गठन तथा काम कर्तव्य अधिकार

४. **तातोपानी संरक्षण तथा व्यवस्थापन समिति गठन:** (१) तातोपानी संरक्षण तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन निम्नानुसार तातोपानि संरक्षण तथा व्यवस्थापन समिति गठन गरिनेछः

क) **संयोजक:** वडा अध्यक्ष वा कार्यपालिका सदस्य
ख) **सदस्य सचिव:** वडा सचिव
ग) **सदस्यहरू:**

- वडा समिति सदस्य २ जना
- स्थानीय व्यवसायी प्रतिनिधि १
- सरोकारवाला निकायका प्रतिनिधि १

- स्थानीय बासिन्दाका प्रतिनिधि २ जना (१ जना महिला)
- स्वास्थ्य तथा वातावरण विज्ञ १ जना

५. **समितिका कार्यहरू: (१)** तातोपानि संरक्षण तथा व्यवस्थापन समितिको कार्य देहाय बमोजिम रहनेछ ।

क) तातोपानी क्षेत्रको संरक्षण, व्यवस्थापन, तथा दीर्घकालीन उपयोगका लागि नीति निर्माण गर्ने।
ख) तातोपानी क्षेत्रको सञ्चालन, मर्मत तथा सुधारसम्बन्धी योजना तयार गर्ने र कार्यान्वयन गर्ने।
ग) पर्यटकहरूका लागि सुरक्षित, सफा तथा व्यवस्थित वातावरण सिर्जना गर्ने।
घ) स्नानस्थल, बाटो, बिजुली, खानेपानी, शौचालय, फोहोर व्यवस्थापन, तथा आवश्यक अन्य पूर्वाधारहरूको निर्माण तथा सुधार गर्ने।
ङ) स्थानीय समुदायको सहभागिता सुनिश्चित गर्ने।

## परिच्छेद ३
## संरचनागत व्यवस्थापन:

६. **स्नानस्थल सुधार तथा निर्माण**: (१) स्नानस्थल सुधार तथा निर्माणको लागि देहाय बमोजिमको कार्य गरिने छ ।

क) महिला तथा पुरुषका लागि अलग-अलग स्नानस्थल निर्माण गरिने।
ख) अत्याधुनिक सुविधा सम्पन्न स्नानस्थल निर्माण गरिने।
ग) बालबालिका तथा ज्येष्ठ नागरिकका लागि सुरक्षित स्नानस्थलको व्यवस्था गरिने।
घ) स्नानस्थलमा स्वच्छ पानीको आपूर्ति सुनिश्चित गरिने।
ङ) स्नानस्थल वरपर आराम तथा मनोरञ्जनका लागि विश्रामस्थल निर्माण गरिने।

७. **भौतिक पूर्वाधार विकास: (**१) तातोपानी क्षेत्रलाई व्यवस्थित र आधुनिक पर्यटन गन्तव्यका रूपमा विकास गर्न निम्न पूर्वाधार निर्माण तथा सुधार गरिनेछ:
क) तातोपानी जाने मुख्य मार्गको कालोपत्रे वा ढलान गरी सुधार गरिनेछ।
ख) हिउँद तथा वर्षायाममा यात्रुहरूलाई सुरक्षित पार गर्न विशेष उपायहरू अवलम्बन गरिने।
ग) विजुली, खानेपानी तथा शौचालयको व्यवस्था गरिने।
घ) पर्यटकहरूको बसोबासका लागि सुविधासम्पन्न होटल तथा विश्रामस्थल निर्माण गरिने।
ङ) स्थानीय खानपान तथा संस्कृतिको प्रवर्द्धन गर्ने गरी भोजनालय तथा पसलहरू स्थापना गरिने ।
च) तातोपानी क्षेत्रलाई प्लास्टिकमुक्त क्षेत्र घोषणा गरिने ।
छ) जैविक तथा अजैविक फोहोर व्यवस्थापनका लागि उचित स्थान तोकिने ।
ज) तातोपानि क्षेत्रमा होमस्टे, होटेल र व्यवसाय संचालन गर्नको लागि गाउँपालिकाबाट अनुमति लिई गाउँपालिकाको मापदण्ड पालना गर्नुपर्नेछ ।

## परिच्छेद ४

## शुल्क निर्धारण तथा राजस्व संकलन

८. प्रवेश शुल्क: (१) स्नान तथा भ्रमण गर्ने व्यक्तिहरूका लागि देहाय बमोजिमको प्रवेश शुल्क लाग्नेछ:
क) स्थानीय नागरिक (गाउँपालिका भित्रका) : रु. ५० प्रति व्यक्ति
ख) स्वदेशी पर्यटक (अन्य ठाउँका नेपाली नागरिक) : रु. २०० प्रति व्यक्ति
ग) विदेशी पर्यटक : रु. ५०० प्रति व्यक्ति

(२) सामूहिक भ्रमण तथा विशेष छुटको व्यवस्था गर्नुपर्नेछ:
क) विद्यार्थी समूह (पहिचान खुल्ने प्रमाणपत्र आवश्यक) : ५०% छुट

ख) जेष्ठ नागरिक (७० वर्ष माथि) तथा अपांगता भएका व्यक्तिहरू : निःशुल्क

(३) स्नानस्थल, विश्रामस्थल तथा सुविधाहरूको प्रयोग शुल्क देहाय बमोजिमको शुल्क लाग्नेछ ।

क) सामान्य स्नानस्थल प्रयोग : रु. १०० प्रति व्यक्ति (स्थानीयका लागि रु. ५०)

ख) विशेष स्नानस्थल (अत्याधुनिक सेवा सहित) : रु. ५०० प्रति व्यक्ति

ग) परिवार तथा समूहका लागि निजी स्नानस्थल : प्रति घण्टा रु. १५००

(४) व्यावसायिक फोटोग्राफी तथा भिडियो सुटिङको लागि देहाय बमोजिमको शुल्क लाग्नेछ ।

क) व्यक्तिगत प्रयोजनका लागि फोटोग्राफी/भिडियो सुटिङ : रु. २०

ख) व्यावसायिक फोटोग्राफी : रु. १००० प्रति दिन

ग) फिल्म तथा विज्ञापन भिडियो सुटिङ : रु. ५००० प्रति दिन

(५) तातोपानि क्षेत्रमा सुरक्षित पार्किङ स्थलको व्यवस्था गरिनेछ ।

क) मोटरसाइकल : रु. २० प्रति गाडी

ख) कार/जिप : रु. ५० प्रति गाडी

ग) बस/माइक्रोबस : रु. १५० प्रति गाडी

९. संकलित राजस्वको व्यवस्थापन: (१) संकलित सम्पूर्ण राजस्व गाउँपालिकाको राजश्व खाता जम्मा गरि ४०% तातोपानिको संरक्षण तथा व्यवस्थापनको लागि खर्च गरिनेछ भने ६०% रकम गाउँपालिकाको पर्यटन तथा पुर्वाधार विकासमा खर्च गरिनेछ ।

(२) तातोपानिको संरक्षण तथा व्यवस्थापनको "तातोपानी संरक्षण तथा व्यवस्थापन कोष" मा जम्मा गरिनेछ।

(३) तातोपानी संरक्षण तथा व्यवस्थापन कोषमा गाउँपालिकाबाट प्राप्त ४०% रकम र अन्य दाताहरुले सहयोग स्वरुप दिएको रकम जम्मा गरिनेछ ।

(४) तातोपानिको संरक्षण र व्यवस्थापनको लागि गाउँपालिकाले संघ र प्रदेश सरकार संग अनुदानको माग गर्नुपर्नेछ।

(५) राजश्व संकलनको लागि अनलाईन प्रणालिको व्यवस्थापन गरिनेछ। अनलाईन प्रणालीको विकास नभए सम्मको लागि गाउँपालिकाबाट उपलब्ध गराएका आधिकारिक ठेलिको प्रयोग गरिनेछ।

## परिच्छेद ५

## पर्यावरण संरक्षण तथा स्वास्थ्य पर्यटन

१०. **पर्यावरण संरक्षण तथा फोहोर व्यवस्थापन:** (१) तातोपानी क्षेत्रलाई हराभरा, सफा तथा वातावरणमैत्री बनाइराख्न विशेष कार्यक्रमहरू लागू गरिनेछ:

क) सार्वजनिक स्थानहरूमा फोहोर व्यवस्थापनको लागि डस्टविन राख्नुपर्नेछ ।

ख) पर्यटक र स्थानीयबासीलाई वातावरणमैत्री व्यवहार सिकाउन सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

ग) तातोपानी क्षेत्रभित्र प्लास्टिकका झोला तथा बोतल प्रतिबन्धित गरिनेछ।

घ) स्थानीय वनस्पति तथा जैविक विविधताको संरक्षण गर्न वृक्षरोपण तथा हरियाली प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

ङ) प्रत्येक १५ दिनमा तातोपानी क्षेत्र सरसफाइ अभियान सञ्चालन गरिने।

च) फोहोर फाल्ने तथा वातावरण दूषित पार्ने कार्यमा संलग्न व्यक्तिलाई कारबाही र जरिवाना व्यवस्था गरिने।

११. **स्वास्थ्य पर्यटन प्रवर्द्धन तथा प्रचारप्रसार: (१)** स्वास्थ्य पर्यटन प्रवर्द्धनका लागि निम्न गतिविधिहरू गरिनेछन्:

क) तातोपानीको औषधीय गुणहरूको वैज्ञानिक अध्ययन गरिने।

ख) तातोपानीसँग सम्बन्धित आयुर्वेदिक चिकित्सा, योग तथा प्राकृतिक उपचार सेवा सञ्चालन गरिने।

ग) स्थानीय जडीबुटीको अनुसन्धान गरी तातोपानीसँग मिलाएर उपयोग गर्ने रणनीति विकास गरिने।

घ) स्पा तथा मसाज सेवा स्थापना गरी तातोपानीको औषधीय प्रभावलाई जोड दिइने।

ङ) तातोपानीमा स्नान गर्दा हुने फाईदाको त्यसले निर्मुल गर्ने रोगको वारेमा प्रचारप्रसार गर्ने ।

च) तातोपानी औषधीय गुणहरुको अध्ययनको लागि तातोपानी स्वास्थ्य अनुसन्धान केन्द्र स्थापना गर्ने ।

## परिच्छेद ६
## विविध

१२. **दण्ड तथा जरिवाना:** (१) तातोपानी क्षेत्रको संरक्षण, व्यवस्थापन तथा दिगो उपयोग सुनिश्चित गर्न निम्नानुसार दण्ड तथा जरिवानाको व्यवस्था गरिनेछ:

क) तातोपानी क्षेत्रलाई फोहोर गर्ने, वातावरणीय क्षति पुऱ्याउने वा प्राकृतिक स्रोतहरूको दोहन गर्ने व्यक्तिलाई पहिलो पटक चेतावनी दिइने।

ख) दोहोर्याएर नियम उल्लङ्घन गरेमा सम्बन्धित व्यक्तिलाई रु. ५,००० देखि रु. २५,००० सम्म जरिवाना गरिनेछ।

ग) यदि कसैले तातोपानीको संरचना वा पूर्वाधारहरू नोक्सान पुऱ्याएमा पूर्ण क्षतिपूर्ति भराइनेछ र थप जरिवाना लगाइनेछ।

घ) गाउँपालिकाको स्वीकृति बिना तातोपानी क्षेत्रमा व्यवसाय सञ्चालन गरेमा रु. १०,००० देखि रु. ५०,००० सम्म जरिवाना गरिनेछ।

ङ) प्रवेश शुल्क वा अन्य शुल्क नतिरी सेवा लिने पर्यटक वा व्यवसायीलाई तोकिएको शुल्कको दोब्बर रकम जरिवाना गरिनेछ।

च) तातोपानी क्षेत्रमा अशिष्ट व्यवहार गर्ने, झगडा गर्ने वा अन्य व्यक्तिहरूलाई असुविधा पुऱ्याउने व्यक्तिलाई तुरुन्त निष्काशन गरिनेछ।

छ) यदि कसैले स्वास्थ्य सुरक्षासम्बन्धी मापदण्ड उल्लङ्घन गरेमा रु. २,००० देखि रु. १०,००० सम्म जरिवाना गरिनेछ।

१३. कानुनी प्रावधान र संशोधन: (१) यस कार्यविधिको कुनै प्रावधान संघीय र प्रदेश कानुनसंग बाझिएको हद सम्म अमान्य हुनेछ ।
(२) यस कार्यविधिको कुनै प्राबधान संशोधन गर्नुपरेमा गाउँपालिका कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।